# सर्लाही जिल्ला अदालत

## सूचना।　　　　　　　　सूचना।।　　　　　　　　सूचना।।।

**<u>यस अगाडी सूचारू रहेको सेवाः-</u>**

१. म्याद थप, पक्राउ अनुमती, कल डिटेलको अनुमती दिने नदिने सम्बन्धी कारवाही र जरुरी पक्राउ पुर्जीको समर्थन सम्बन्धी कार्य गर्ने,

२. अभियोगपत्रसाथ पेश गरिने प्रतिवादीको अनिवार्य रुपमा कोरोना परिक्षण रिपोर्टसाथ अदालतमा अभियोगपत्र पेश भएमा दर्ता गर्ने, अभियोगपत्र पेश भएका अभियुक्तको बयान लिने, थुनछेक सम्बन्धी आदेश गर्ने,

३. बन्दी प्रत्यक्षीकरण सम्बन्धी निवेदन दर्ता र सुनुवाई गर्ने,

४. घरेलु हिंसा सम्बन्धी फिरादपत्र दर्ता र सुनुवाई गर्ने,

५. बालसुधार गृहमा रहेका बालबालिका जिम्मा लिने विषयसँग सम्बन्धित निवेदन दर्ता र सुनुवाई गर्ने,

६. मुद्दा फिर्ता, मिलापत्र सम्बन्धी कार्य गर्ने,

७. सेवा प्रवाह स्थगन भएको अवधिमा मुद्दा, रिट तथा निवेदनहरुमा रहेको हदम्याद, म्याद र तारेख नगुज्रने,

८. अदालतको सेवा लिन आउँदा स्वास्थ्य सुरक्षा सतर्कता अपनाउनु पर्ने,

**<u>अर्को सूचना प्रकाशित नभएसम्म मिति २०७८/०३/२३ देखि देहायका सेवाहरू थप गर्नेः-</u>**

१. अंग पुगेको कुनै मुद्दामा दुवै पक्ष उपस्थित भई मुद्दाको सुनुवाई गर्न माग गरि पेशी तारिख लिएमा त्यस्ता मुद्दाहरुको सुनुवाई गर्ने,

२. फिरादपत्र दर्ता गर्न ल्याएमा दैनिक १० वटाको दरले दर्ता गरेर सोको लागि दिनको २.०० बजे भित्र दायरी फाँटमा पालैपालो पेश गर्नुपर्ने,

३. प्रतिउत्तरपत्र दर्ता गर्न ल्याएमा दर्ता गर्ने,

४. फरार प्रतिवादीको ७२ घण्टाभित्रको PCR Report निगेटिभ सहित हाजिरी भएमा बयान लिई थुनछेक आदेश गर्ने,

५. आगामी आ.व. को मुद्दाको दायरी अध्यावधिक गरी श्रावणको ११ गतेदेखि नियमित पेशी राख्ने,

६. निषेधाज्ञाको आदेश पूर्ण रुपमा अन्त्य नभए सम्म मुद्दा तथा रिट निवेदनहरुमा रहेका हदम्याद, म्याद र तारिख नगुज्रने,

७. सम्पाद हुने कार्यको सेवा लिन आउँदा, सेवा दिँदा स्वास्थ्य सुरक्षा र सतर्कता अपनाउनुपर्ने।